# बुलिङटार गाउँपालिका

# विनियोजन ऐन, २०८०

| |
|---|
| गाउँसभाबाट स्वीकृत मिति : २०८०।०४।०५ |

| |
|---|
| प्रमाणिकरण मिति : २०८०।०४।०५ |

## बुलिङटार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बुलिङटार, नवलपरासी(वर्दघाट सुस्ता पूर्व)

# बुलिङटार गाउँपालिकाको विनियोजन ऐन, २०८०

प्रस्तावनाः बुलिङटार गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि संचित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो वमोजिम रकम विनियोजन गर्न वान्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा २ वमोजिम बुलिङटार गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

   १. यस ऐनको नाम बुलिङटार गाउँपालिकाको विनियोजन ऐन, २०८० रहेको छ ।

   २. यस ऐन २०८० साल श्रावण ५ देखी लागू हुनेछ ।

२. रकम खर्च गर्न सकिनेः आर्थिक वर्ष २०८०/८१ का निमित्त बुलिङटार गाउँपालिका, गाउँकार्यपालिका को कार्यालय, वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूंजिगत खर्च र वित्तीय व्यवस्थाको रकम सेमत गरी जम्मा रकम रु. ४५,५०,३७,०००/- (अक्षरुपी पैंतालिस करोड पचास लाख सैतीस हजार रुपैया मात्र ) मा नवढाई निर्दिष्ट गरिए वमोजिम संचित कोषवाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः

   १. यस ऐन वमोजिम संचित कोषवाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/०८१ को निम्ती बुलिङटार गाउँपालिका गाउँ कार्यपालिका वडा समितिहरु र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

   २. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ती विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आउमा गाउँकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट अर्को एक भन्दा वढी शिर्षकहरुमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजिगत खर्च र वित्तिय ब्यवस्था तर्फ विनियोजित रकम सावा र भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु शीर्षक तर्फ सार्न र वित्तीय ब्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुजिगत खर्च र वित्तिय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

   ३. उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा वढ्ने गरी कुनै वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूंजिगत खर्च | सशर्त।समपुरक।विशेष अनुदान | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | २९४०७०००० | १६०९६७००० | | | ४५५०३७००० |
| २ | | वडा समिति | | | | | |
| ३ | | विषयगत शाखा | | | | | |
| ४ | | ऋण, सावां व्याज भुक्तानी | | | | | |
| ५ | | लगानी(शेयर/ऋण) | | | | | |